**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

# माओवादीले आक्रमण गरेका थानकोट र दधिकोट प्रहरी चौकीको स्थलगत अध्ययनको संक्षिप्त प्रतिवेदन

माओवादीले ०६२ माघ १ गते साँझ एकैसाथ आक्रमण गरेका काठमाडौं थानकोट प्रहरी चेक पोष्ट र भक्तपुरको दधिकोटस्थित अस्थायी प्रहरी चौकीको बारेमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले स्थलगत अध्ययन गऱ्यो । मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको एक टोलीले ०६२ माघ ३ गते दुवै ठाउँको स्थलगत अध्ययन गरेको थियो । टोलीले सो क्षेत्रको स्थलगत अध्ययनबाट निम्न तथ्य फेला पारेको छ । जसलाई संक्षिप्तमा तल प्रस्तुत गरिएको छ ।

## घटना सम्बन्धमा प्राप्त तथ्यहरू

- माओवादीले भक्तपुर जिल्लास्थित दधिकोट अस्थायी प्रहरी चौकीमा आक्रमण गरेपछि दधिकोटबाट अपहरण गरेर बेपत्ता बनाएका सो चौकीमा कार्यरत प्रहरी जवान विक्रम कालिका फर्किएका छैनन् ।
- आक्रमणपछि माओवादीले अपहरण गरी लगेका गुण्डु गाविस-३ का १९ वर्षीय चित्रबहादुर तामाङ्ग र २१ वर्षीय पद्मबहादुर तामाङ्गका साथै काठमाण्डौ जिल्ला मच्छेनारायण गाविस-१ घर भएका पूर्वसैनिक ४० वर्षीय लालबहादुर तामाङ्ग पनि बेपत्ता छन् । उनीहरूको स्थिति अज्ञात रहेको छ ।
- अपहरितहरूमध्ये चित्रबहादुर कक्षा १० मा अध्ययरत तथा टेस्ट परीक्षा दिने तयारी गरिरहेका छात्र हुन भने पदमबहादुर स्थानीय सर्वसाधरण हुन् ।
- पूर्वसैनिक लालबहादुर तामाङ्ग गुण्डुस्थित आफन्तको घरमा माघे सक्रान्ति मनाउनका लागि गएका बेला माओवादीको अपहरण परेका हुन् ।
- दधिकोटमा आक्रमण गेरर माओवादी गुण्डु हुदैं फर्किएको र गुण्डु गाविस-३ बाट तीन जना अपहरण गरेका कारण गुण्डु गाउँ त्रसित छ ।
- माओवादी समूहले स्थानीय जनतालाई सेनाको सुराकी गरेमा बम विस्फोट गराएर गाउँ नै ध्वस्त पार्ने धम्की दिएका कारण गुण्डु गाविस-३ घ्याम्पे गाउँका अधिकांश बासिन्दा गाउँबाट विस्थापित छन् ।
- माओवादी धम्कीका कारण अधिकांश स्थानीय बासिन्दा विस्थापित भएकाले सो गाउँका २७ घरमा वृद्ध, वृद्धा र बालबालिका समेत गरी सातजना मात्र बाँकी रहेका छन् ।
- दधिकोट प्रहरीचौकीमा माओवादी आक्रमण भएपछि दधिकोट, गुण्डु गाविस र आसपासका क्षेत्रहरूमाहरूमा सुरक्षाफौजबाट नियमित गस्ती गर्ने तथा सेनाले स्थानीय बासिन्दाका घरहरू खानतलासी लिने क्रमलाई बढाएको छ ।
- सुरक्षाफौजको खानतलासी र माओवादीको गाउँ ध्वस्त पार्ने धम्कीले स्थानीय जनता त्रासदीको बातावरणमा बाँच्न बाध्य छन् ।
- मानवअधिकरकर्मीहरूको टोलीले थानकोटमा प्रहरी निरीक्षक श्रीहजुर सिलवालको नेतृत्वमा खटिई आएको नयाँ प्रहरी टोलीसँग भेटघाट गऱ्यो ।
- आक्रमण स्थल थानकोट र वरपरको जनजीवन सामान्य देखिएता पनि माओवादी आक्रमणका कारण स्थानीय व्यावसायीहरू नयाँ व्यक्तिहरूसँग खुलेर बोल्न नसक्ने अवस्थामा रहेको पाइयो ।

## घटनाको सम्बन्धमा टोलीको सुझाव

- दधिकोट आक्रमणपछि नेकपा (माओवादी) ले अपहरण गरी लगेका गुण्डु गाविस-३ का १९ वर्षीय चित्रबहादुर तामाङ र २१ वर्षीय पद्मबहादुर तामाङका साथै काठमाण्डौ जिल्ला मच्छेनारायण गाविस-१ घर भएका पूर्वसैनिक ४० वर्षीय लालबहादुर तामाङ तथा दधिकोट अस्थायी प्रहरी चौकीमा कार्यरत प्रहरी जवान विक्रम कालिकालाई अन्तर्राष्ट्रिय मानवीय कानून अनुसारको व्यवहार गर्न, उनीहरूको जीवन रक्षा गर्न र सकुशल मुक्त गर्न माओवादीसमक्ष आग्रह गर्दछौं ।
- माओवादीले सोझासाझा जनजाति समुदायका तामाङ्गहरू वस्दै आएको गाउँ नै विस्थापित हुने गरी दिइएको धम्की तत्काल फिर्ता लिनु पर्दछ ।
- माओवादी धम्कीका कारण घर छाडेर अन्यत्र विस्थापित भएका सबैलाई निर्भयतापूर्वक गाउँ फर्किने सहज वातावरण तयार गर्नु पर्दछ ।
- खान तलासीका क्रममा सर्वसाधारणका घर-दैलोमा जाँदा स्थानीय जनतासँग सहज तथा मर्यादित व्यवहार गर्न सुरक्षा फौजसँग आग्रह गर्दछौं ।
- द्वन्द्वरत पक्षहरुद्वारा अविलम्ब युद्ध विराम गरी स्थायी शान्तिको लागि अविलम्ब शान्ति वार्ताको प्रक्रिया अगाडि बढाउन जोडदार आग्रह गर्दछौ ।

## स्थलगत अध्ययन टोली

| | | |
|---|---|---|
| १. | बाबुराम विश्वकर्मा | इन्सेक, मध्यमाञ्चल क्षेत्रीय कार्यालय |
| २. | अकुर न्यौपान | इन्सेक, मध्यमाञ्चल क्षेत्रीय कार्यालय |
| ३. | बद्रीप्रसाद शिवाकोटी | हिम्राइट्स/लाइफलाइन |
| ४. | अनिता शाक्य | हिम्राइटस् |
| ५. | करिन जेनिङ्ग | हिम्राइट्स |
| ६. | राजन अधिकारी | एड्भोकोसी फोरम |
| ७. | तिलक मानन्धर | सिभिक्ट |

*मिति : २०६२ माघ ५ गते*